**डेङ्गीका लक्षणहरू**
- उच्च ज्वरो आउनु,
- जोर्नी र मांसपेशीहरूमा असहय पीडा हुनु,
- आँखाको गेडी दुख्नु,
- अत्यधिक टाउको दुख्नु,
- शरीरमा राता बिमिराहरू आउनु,
- वाकवाकी लाग्नु वा बान्ता हुनु,

यस्ता लक्षणहरू देखा परेमा डेङ्गी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक दैनिक
eprateekdaily.com

**जनहितमा जारी सन्देश**
- आफ्नो घर सफा राखेजस्तै आफ्नो शहर पनि सफा राखौं।
- घर सफा भयो भने रोग लाग्दैन, शहर सफा भयो भने प्रदूषण हुँदैन, रोगवाहक कीरा-फटयाङ्ग्रा हुर्कदैनन्।
- सफा रहनु देवत्व हो, फोहर दानवी प्रवृत्ति हो।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३८ ❖ २०८१ भदौ १३ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 August 29 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १२

## पर्सा जिल्लामा कृषिभन्दा वन क्षेत्र बढी
# अझै २११ हेक्टर वन क्षेत्र अतिक्रमणको शिकार

नरेश यादव, पर्सागढी, १२ भदौ/

पर्सा जिल्लाको कुल क्षेत्रफलको ५४.१८ प्रतिशत क्षेत्रफलमा वनजङ्गल



रहेको डिभिजन वन कार्यालय, पर्साले जनाएको छ।

डिभिजन वन प्रमुख सुनील कर्णले पर्सा जिल्लाको कुल क्षेत्रफल एक लाख ३५ हजार १९७ हेक्टरमध्ये कृषि क्षेत्रभन्दा बढी वन क्षेत्र रहेको बताए। उनले कृषि क्षेत्र ५४ हजार ४०६ हेक्टर अर्थात् ४०.२४ प्रतिशत रहेको तर वन क्षेत्र भने ७३ हजार २५० हेक्टर अर्थात् ५४.१८ प्रतिशत वन क्षेत्र रहेको बताए। यसैगरी, चरण क्षेत्र दुई हजार ७७२ अर्थात् २.०५ प्रतिशत र अन्य क्षेत्र चार हजार ७६९ अर्थात् ३.५३ प्रतिशत रहेको उनले बताए।

जिल्लाको ७३ हजार २५० हेक्टर वन क्षेत्रमध्ये डिभिजन वन कार्यालय पर्सा मातहत ११ हजार ५२७.४७ हेक्टर मात्र रहेको र बाँकी पर्सा तथा चितवन राष्ट्रिय निकुञ्ज अन्तर्गत पर्ने प्रमुख कर्णले बताए। उनले यो तथ्याङ्क आव २०७९/८० मा तयार भएको भन्दै डिभिजन वन कार्यालय पर्सा अन्तर्गतको ११ हजार ५२७.४७ हेक्टरमध्ये २११ हेक्टर वन क्षेत्र अतिक्रमण भएको जानकारी गराए।

प्रमुख कर्णले आव २०७९/८० मा २१६ हेक्टर वन क्षेत्र अतिक्रमण रहेकोमा सो वर्ष पाँच हेक्टर वन अतिक्रमण मुक्त गरिएको उनले बताए। पर्सा जिल्लामा हाल सबैया, बडनिहार, रङ्गपुर, मनवा, वसन्तपुर र विन्ध्यवासिनी गरी छवटा सबडिभिजन वन कार्यालय छन्। उनले विन्ध्यवासिनी सबडिभिजन वन कार्यालयमा वन क्षेत्र नरहेको र बाँकी पाँचवटा सबडिभिजनमा डिभिजन वन अन्तर्गतको वन क्षेत्रमध्ये १३ देखि २८ प्रतिशत वन क्षेत्र रहेको उनले बताए।

यसैगरी, पर्सा जिल्लामा १६८ वटा निजी वन रहेको र निजी वन क्षेत्रमा ११०.८१ हेक्टर वन रहेको उनले बताए। त्यस्तै, डिभिजन वन अन्तर्गत तारा, सागर, शिखर र जनता हरियाली सामुदायिक वन गरी चारवटा वन समूह रहेकामा ती वन समूहमा क्रमशः ०.५४, ३.१५, १.१० र २.७२ हेक्टर वन क्षेत्र रहेको उनले बताए।

यसैगरी सबैया, विन्ध्यवासिनी-कोइलाभार र गादीमाई साझेदारी वन उपभोक्ता समिति छन् र यी तीनवटा समितिमा क्रमशः ३१३८.५१ हेक्टर, ४२८९.०२ र ३९८१.६१ हेक्टर वन क्षेत्र रहेको प्रमुख कर्णले बताए।

# ज्येष्ठ नागरिक महिलाहरूले दर खाए

प्रस, वीरगंज, १२ भदौ/

हिन्दू महिलाहरूको सबैभन्दा ठूलो चाड तीजको अवसरमा वीरगंजमा रहेका



ज्येष्ठ नागरिकहरूले दर खाएर पर्व मनाएका छन्।

तीजको एक दिन अघि राति खाने दर पछिल्लो समयमा एक महिना अघिदेखि खाने प्रचलन नेपालमा बढेको छ। सोही क्रममा विभिन्न सङ्घसंस्था र व्यक्तिहरूले दर खाँदै रमाइलो गर्दै आएकामा बुधवार ज्येष्ठ नागरिक सङ्घ पर्साको महिला समितिले वीरगंज-१५ मा रहेको ज्येष्ठ नागरिक पार्कमा दर खाएर सांस्कृतिक कार्यक्रम गरी मनाएका छन्। समितिकी अध्यक्ष आशा गौतमले शाकाहारी र मांसहारी दर खाएर ज्येष्ठ नागरिकहरूले पर्व मनाएको बताइन्।

कार्यक्रममा महिला समितिका बिन्दु शर्मा, जानकी शर्मा, सरिता पण्डित, निभा दाससमेत ज्येष्ठ नागरिक सङ्घ पर्साका अध्यक्ष श्याम पोखरेल, सचिव विनय गौतम, मधेस प्रदेश अध्यक्ष जगदीशप्रसाद शर्मा, जीतेन्द्रपुरुष ढकाल, डा अशोक दासलगायतको सहभागिता थियो।

# ४७ जनालाई हटाएको नारायणी अस्पतालले करारमा ३६ जना कर्मचारी भर्ना गर्दै

प्रस, वीरगंज, १२ भदौ/

नारायणी अस्पताल वीरगंजको मेडिकल सुपरिटेन्डेन्ट भएपछि डा ऐनामुल हकले करार र दैनिक ज्यालादारीमा खट्दै आएका ४७ जना कर्मचारीलाई हटाएकामा अहिले पुनः करारमा ३६ जना भर्ना गर्दैछन्।

गत जेठ १३ गते नारायणी अस्पतालका मेसु डा हकले सूचना प्रकाशित गरी ४७ जनालाई जेठ १४ गतेदेखि लागू हुनेगरी हटाएका थिए। तर अहिले तीन महीनापछि एकैपटक ३६ जना भर्ना गर्दैछन्। पाँचजना मेडिकल अफिसर, २५ जना स्टाफ नर्स, चारजना




फार्मेसी सहायक र दुईजना अनमी माग गर्दै उनले सूचना निकालेका छन्।

नयाँ मेसु आएपछि पुराना करार, दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरूलाई हटाउने र फेरि सोही पदमा आफ्नअनुकूलका कर्मचारी नियुक्त गर्ने नारायणी अस्पतालको पुरानो रवैया हो। यसरी निष्कासन गरेर कर्मचारी भर्ना गर्दा आफू आसेपासेका साथै प्रतिव्यक्ति तीन/चार लाखसम्म नगदको कारोबार हुने एकजना कर्मचारीले बताए।

यस अघि डा चित्तरञ्जन साह मेसु रहँदा अस्पताल विकास समितिले गत २०८० फागुन १० गते निर्णय गरेर ११७ जना दैनिक ज्यालादारी, १७ जना करार र ३१ जना विभिन्न मितिदेखि खट्दै आएका कर्मचारीहरूको व्यवस्थापन गरेको थियो। सोही समयमा भर्ना गरिएका कर्मचारीहरूमध्ये मेसुमा डा हक आएपछि ११ जना चिकित्सक, १२ जना स्टाफ नर्स, एक/एक जना दृष्टि विशेषज्ञ, बायोमेडिकल टेक्निसियन र फार्मेसी सहायक, तीनजना हेल्थ असिस्टेन्ट, पाँचजना रेडियोग्राफर, तीनजना अहेब, सातजना कार्यालय सहयोगी र दुईजना स्वीपर गरी ४७ जनालाई हटाएका थिए।

त्यतिखेर समितिले बहाल गरेका कर्मचारीलाई हटाएकोमा अस्पताल विकास समितिका अध्यक्ष धीरजकुमार गुप्ताले विरोध जनाएका थिए। तर त्यसपछि भने विरोध मत्थर हुँदै गयो र अहिले तीन महीनापछि अस्पतालले निष्कासन गरेका ४७ जनामध्ये ३६ जनालाई करारमा बहाल गर्न गइरहेको छ।

समितिले गरेको निर्णयविरुद्ध मेसु डा हक, लेखापाल र प्रशासन प्रमुख रहेको कर्मचारी प्रशासनको बैठकले तलबसुविधा दिन समस्या भएकोले ४७ जनालाई हटाउने निर्णय गरेको थियो। तर तीन महीना अवधिमा अस्पतालको आर्थिक अवस्थामा सुधार आएर फेरि कर्मचारी भर्ना गर्न लाग्नु आर्थिक चलखेल र आसेपासेलाई जागीर दिने प्रपञ्च मात्र भएको कर्मचारीहरू बताउँछन्।

# मधेस विश्वविद्यालयलाई जग्गा दिने मुख्यमन्त्रीको आश्वासन

प्रस, वीरगंज, १२ भदौ/



वीरगंजमा रहेको मधेस विश्वविद्यालयको लागि आगामी मन्त्रिपरिषद्को बैठकबाट जग्गाको हकमा निर्णय गर्ने मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले आश्वासन दिएका छन्।

विश्वविद्यालयका कुलपतिसमेत रहेका मुख्यमन्त्री सिंहलाई विश्वविद्यालयका लागि आवश्यक पर्सा जिल्ला बहुदरमाई नगरपालिका-२ मा ३५ बिघा जग्गा रहेको र सो जग्गाबारेमा जिल्लाबाट भएको सिफारिश उपलब्ध गराइएपछि मुख्यमन्त्री सिंहले आगामी मन्त्रिपरिषद्को बैठकबाट यस विषयमा निर्णय गराउने आश्वासन दिएका हुन्। विश्वविद्यालय निर्माणका लागि सम्बन्धित पालिकाका प्रमुख सिंहासन साहले मन्जुरी दिएको आधारमा प्रजिअ दिनेशसागर भुसाल अध्यक्ष रहेको र भूमिसुधार तथा मालपोत र नापी कार्यालयका प्रमुख सदस्य रहेको सिफारिश समितिले बहुदरमाई नपा-२ मा रहेको ३५ बिघा सार्वजनिक जग्गा विश्वविद्यालय निर्माणका लागि प्रयोग गर्न दिने निर्णय गरेको थियो। जिल्लाबाट सिफारिश भएको पत्र कुलपति एवं मुख्यमन्त्री सिंहलाई बुझाइएको थियो। जग्गा अभावमा मधेस विश्वविद्यालय केही वर्षदेखि वीरगंज-१२ नेशनल ट्रेडिङमा सञ्चालन हुँदै आएको छ।

कार्यक्रममा मुख्यमन्त्री सिंहसहित अर्थमन्त्री सुनील यादव र शिक्षामन्त्री रीना तिवारीसँग प्राडा दीपक शाक्य र नेता नेजामुद्दीन समानीले भेट गरेर विश्वविद्यालयसहित पोखरिया अस्पतालको भौतिक निर्माणलगायत विभिन्न अधुरा आयोजनाहरू पूरा गराउन ध्यानाकर्षण गराएका थिए। सम्बन्धित मन्त्रीहरूले पोखरिया अस्पतालको स्तरोन्नतिका लागि यस अघि भएका निर्णयहरू कार्यान्वयनमा ल्याउने, भौतिक निर्माणका अधुरा कामहरू पूरा गराउन बजेट विनियोजन गरी पठाउने प्रतिबद्धता जाहेर गरेका नेता नेता समानीले बताए।

# सर्लाहीमा शान्तिपूर्णरूपमा श्रीकृष्णको मूर्ति सेलाइयो

नितेश कर्ण, वीरगंज, १२ भदौ/

सर्लाही जिल्लाको सदरमुकाम मलङ्गवामा श्रीकृष्ण जन्माष्टमीको मूर्ति सेलाउने कार्य यसपटक शान्तिपूर्णरूपमा सम्पन्न भएको छ। गत वर्ष जन्माष्टमीको मूर्ति सेलाउने क्रममा दुई समुदायबीच विवाद भएको विषयलाई लिएर यस वर्ष जन्माष्टमीपूर्वदेखि मलङ्गवामा सुरक्षा व्यवस्था कडा गरिएको थियो। सुरक्षा व्यवस्था कडा भएकोले जन्माष्टमी र बुधवार मूर्ति सेलाउने कार्य शान्तिपूर्णरूपमा सम्पन्न भएको प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले बताए। उनले सदरमुकाम मलङ्गवासहित ग्रामीण क्षेत्रमा पनि माटोले बनाइएको भगवान् श्रीकृष्णको मूर्ति सेलाउने कार्य शान्तिपूर्णरूपमा सम्पन्न भएको बताए।

जिल्ला प्रहरी कार्यालय, सर्लाहीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठले पाँच सय सुरक्षाकर्मी परिचालन भएका र जिल्लाका गतिविधिलाई ड्रोन क्यामराबाट निगरानी गरिएको बताए।



सुरक्षा व्यवस्था कडा पारिएको र विभिन्न सङ्घसंस्थाले आयोजना गरेका भगवान् श्रीकृष्णको मूर्ति विभिन्न पोखरीमा शान्तिपूर्णरूपमा सेलाइएको स्थानीय धीरेन्द्र मिश्रले बताए। यस वर्ष जन्माष्टमी शान्तिपूर्णरूपमा सम्पन्न गर्नका लागि सर्लाहीमा सक्रिय हिन्दू सम्राट नेपाल, स्थानीय प्रहरी प्रशासनले जनसमुदायसँग अपील गरेका थिए।

### विचारसार एवं सूक्तिहरू

**दु:ख पर्दा आफ्नै त एउटा औंलो अघि सर्छ आँसु पुछ्न र सुखमा भने दशै औंला थपडी बजाउँछन् । जब स्वयंको शरीरको यो चाला छ भने दुनियाँसँग के गुनासो गर्नु ?**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

# बढ्दो समुद्री सतह

**संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले तीन हजार वर्षमा नदेखेको अभूतपूर्वरूपमा नदी तथा समुद्रको सतह वृद्धि भएको बताउँदै जलवायु परिवर्तनविरुद्ध यथाशीघ्र प्रभावकारी कदम चाल्न विश्वका नेताहरूलाई आह्वान गरेका छन् । नदीको सतह यसैगरी वृद्धि हुँदै जाने हो भने केही वर्षपछि विश्वका अधिकांश भूभाग जलमग्न हुनेछन् । बचेका केही भाग प्रचण्ड गर्मी, अतिवृष्टि, खण्डवृष्टि, मुसलधारे वर्षा, नदी कटान र बाढीपहिराले तहसनहस हुनेछन् । समुद्री सतह मापन गर्न वैज्ञानिकहरूले सदियौंदेखि विभिन्न विधिहरू प्रयोग गर्दै आएका छन् । ज्वारभाटाको स्तर मापन, उपग्रहहरूबाट समुद्रको सतहमा रडार सङ्केत प्रक्षेपण, पृथ्वीको गुरुत्वाकर्षण बलको परिवर्तन मापन, पृथ्वीको तापमान मापन, आइस सिटहरूको पग्लिने दरको मापनलगायतका विधिहरूको संयोजनबाट वैज्ञानिकहरूले समुद्री सतहको वृद्धि मापन गर्दै आएका छन् । यसबाट समुद्र सतहको वर्तमान अवस्था र भविष्यबारे पूर्वानुमान गर्न सकिन्छ । महासचिव गुटेरेसले यही तथ्यहरूको आधारमा आह्वान गरेका हुन् ।**

**तीन हजार वर्ष अघि समुद्री सतह वर्तमान सतहभन्दा करीब एक मिटर कम र वृद्धिदर स्थिर थियो । पछिल्ला केही दशकयता ग्लोबल वार्मिङको प्रभावले समुद्री सतहमा उल्लेखनीय वृद्धि भइरहेको छ । सन् १९८० पछि चार दशकमा समुद्री सतह लगभग २० सेन्टिमिटरले वृद्धि भएको छ । वृद्धिको अनुपात तीव्र गतिले बढ्दो छ । हालका वर्षहरूको वृद्धिदर प्रतिवर्ष करीब ३.३ मिलिमिटर छ । दुई तिहाइ भाग समुद्रले ढाकेको पृथ्वीमा यो दर डरलाग्दो हो । संयुक्त राष्ट्रसङ्घको भविष्यवाणी अनुसार "यदि कार्बन उत्सर्जनलाई नियन्त्रणमा राख्न सकिएन भने, यसरी वृद्धि हुँदै जाँदा सन् २१०० सम्ममा समुद्री सतह हालको भन्दा ०.६ देखि एक मिटरसम्म वृद्धि हुन सक्नेछ ।" यसरी तीन हजार वर्ष अघि स्थिर समुद्री सतह, वृद्धिदरमा अहिलेको छोटै अवधिमा तीव्रता आउनु राम्रो होइन । सम्भावित परिणाम मानवका लागि मात्रै नभएर प्राणीजगत्कै लागि विनाशकारी हुन सक्छ ।**

**समुद्रको सतह बढ्दै जानुमा मानवीय क्रियाकलापहरू मुख्य दोषी छन् । कोइला, तेल र प्राकृतिक ग्याँस जस्ता जीवाश्म इन्धनहरू जलाउँदा यसले ठूलो मात्रामा कार्बन डाइअक्साइड उत्सर्जन गर्छ । त्यसैगरी, उद्योग, कारखाना र सवारीसाधनहरूले ठूलो मात्रामा कार्बन डाइअक्साइड र ग्रीनहाउस ग्याँसहरू उत्सर्जन गरिरहेका छन् । यससँगै वनविनाश पनि प्रमुख कारण बनेको छ । वनजङ्गलले कार्बनलाई सोस्न र भण्डारण गर्न महत्त्वपूर्ण भूमिका खेल्छ । तर जब रूखहरू काटिन्छन् वा जलाइन्छन्, सोसिएको कार्बन पुनः वातावरणमा फैलन्छ । यी सबै क्रियाकलापले कार्बन डाइअक्साइड र ग्रीन हाउस ग्याँस बढाउँछ । जसको प्रभावले विश्वव्यापी तापक्रम बढ्ने, हिमाल पग्लने, पानीको आयतनमा वृद्धि हुनेलगायतबाट समुद्रको सतह बढ्छ । हरित ग्याँस र कार्बन उत्सर्जनविरुद्ध हरेक मानवको सहभागिताका लागि राष्ट्रहरूले अगुवाइ गर्ने हो भने अझै पनि मौका छ । जीवाश्म इन्धनको प्रयोग घटाउने, [redacted] बढाउने, ऊर्जा दक्षता प्रयोग गरी [redacted] सवारीसाधनहरूको प्रवर्द्धन गर्ने, [redacted] निर्धारण गर्ने, वन संरक्षण र [redacted] दिएर रासायनिक पदार्थ घटाउने [redacted] प्रोत्साहन गर्दै माटोमा [redacted] अपनाउने एकमात्र विकल्प हो ।**

# ट्रान्स हिमालयन फोरमको निहितार्थ

**स्वतन्त्र विचार**



श्रीमन्नारायण

an_shriman@yahoo.com

**नेपाल न आर्थिकरूपले, न सामरिकरूपले नै उत्तरी छिमेकीको लागि प्राथमिकताको विषय रह्यो । अहिलेको ट्रान्सहिमालयन क्षेत्रका लागि गठित फोरममा नेपाल सहभागी भए पनि यसबाट नेपाललाई लाभ भने हुने देखिएको छैन । केवल चीनप्रति हाम्रो समर्थन अभिव्यक्त हुनेछ ।**

उत्तरी छिमेकी चीनका राष्ट्रपति सि जिनपिङ आफ्ना चार महत्त्वपूर्ण पहलहरू बिआरआई, जिडिआई, जिएसआई र जिसिआईमार्फत पूरै विश्वमा आफ्नो प्रभाव कायम रहेको देख्न चाहन्छन् । बिआरआईरूपी महत्त्वाकाङ्क्षी आर्थिक परियोजनाका दुष्प्रभावहरू क्रमशः प्रस्ट भइरहेका छन् भने बिस्तारै-बिस्तारै ग्लोबल डेभलपमेन्ट इनिसिएटिभ, ग्लोबल सिभिलाइजेशन इनिसिएटिभ र ग्लोबल सेक्युरिटी इनिसिएटिभको असरबाट पनि विश्वजगत् अवगत हुने नै छ । विगत केही वर्ष यतादेखि 'ट्रान्स हिमालयन क्षेत्रका लागि एक फोरम' चीन-सिजान हिमालयन फोरम गठन गरेर बेइजिङले सबैभन्दा पहिले दलाई लामापछिको परिदृश्यमा विश्वको छतमुनि सबैलाई एकजुट गर्ने प्रयास गरेर आफ्नो प्रभुत्व जमाउने सङ्केत दिन खोज्दैछन् । एक किसिमले आफ्नो प्रतिस्पर्धी भारतलाई घेर्ने उसको नीति पनि रहेको मान्न सकिन्छ । दक्षिण एशियाली देशहरूलाई आफ्नो प्रभावमा लिएर नयाँ दिल्लीमाथि एकीकृतरूपमा दबाब दिन प्रोत्साहन गर्ने, आसन्न वातावरणीय प्रकोप अस्पष्ट पार्ने, ठूलोसँग लड्न सानासँग सहकार्य गर्ने-३६ पुराना रणनीतिमध्ये एउटालाई बहुआयामिक तरीकाले पालन गर्ने मनसाय पनि रहेको देखिन्छ ।

स्पष्टरूपमा चीन-सिजान हिमालयन फोरम सन् २०१८ मा भारतको अरुणाचल प्रदेश विपरीतमा रहेको तिब्बतको नइङचीमा प्रारम्भ गरिएको थियो । यसको चौथो बैठक यस वर्ष जुलाईमा शुरू भएको थियो । यसमा सहभागी प्रतिनिधिहरूको एजेन्डा अनावरण र बृहत्तर सन्दर्भले तिब्बत (हालै सिजानको रूपमा नाम परिवर्तन गरिएको) लाई उपक्षेत्रीय पहलहरूको आधारमा परिणत गर्ने र छिमेकमा चीनको प्रभाव विस्तार गर्ने प्रयासको रूपमा लिन सकिन्छ ।

सेप्टेम्बर २०१८ मा पहिलो बैठक अर्थतन्त्र र पर्यटनमा केन्द्रित एजेन्डाका साथ भएको थियो, जसमा नेपाल, पाकिस्तान र अन्य देशका प्रतिनिधिहरूले भाग लिएका थिए । त्यसपछिका तीनवटा बैठक, तिब्बतको स्रोतको दोहनलाई हेर्दा चीनका लागि सबैभन्दा कमजोर मुद्दामध्ये एक, वातावरणीय मुद्दामा केन्द्रित थिए । गत अक्टुबरको तेस्रो बैठकमा चीनका विदेशमन्त्री वाङ यीले पाँचवटा बुँदा अघि सारेका थिए, जसमध्ये केही दोहोरिने र केही तिब्बतमा भइरहेको चिनियाँ अभ्याससँग पनि विरोधाभासपूर्ण थिए । वाङले पारस्परिक सम्मान र विश्वास कायम राख्न हिमालयपारिका क्षेत्रलाई एकताको परिवारमा आबद्ध हुन आह्वान गरे । उनले पर्यावरणीय सभ्यता, हरित विकास र सहयोगपारि हिमालय क्षेत्र निर्माण गर्नुका साथै कनेक्टिभिटी र जनता-जनताबीच आवागमन आदानप्रदानको माध्यमबाट क्षेत्रीय एकीकरणका लागि पनि आह्वान गरे । यसै वर्ष न्याङचीको लुलाङ शहरमा सम्पन्न चौथो बैठकमा नेपाल, म्यान्मा, मङ्गोलिया, भूटान, अफगानिस्तान र पाकिस्तानका साथै श्रीलङ्का, चिली र बोलिभियालगायत देशका प्रतिनिधिसहित करीब बीस राष्ट्रको सहभागिता रहेको थियो । हिमालयमा कुनै पनि हिसाबले नजोडिएका देशहरूलाई यसमा समावेश गर्नुले चीनले तिब्बतमा आफ्नो नीतिमा समर्थन जुटाउन खोजिरहेको देखाउँछ ।

सन् १९५१ मा चीनले तिब्बतमाथि कब्जा जमाएपछि आफ्नो नियन्त्रण मात्र होइन, हालका दिनमा आधुनिकीकरणको प्रयास पनि तीव्र पारेको छ । आधुनिकीकरणको नाममा तिब्बतको आफ्नै विशेषता र पहिचान हटाउने र हान जातिको बसोवासलाई प्राथमिकता दिने गरिएको टिप्पणी पश्चिमा सञ्चारमाध्यमहरूको रहेको छ । चीन सरकारद्वारा ५.८ बिलियन डलर सिचुवान-तिब्बत रेलवे लाइनजस्ता पूर्वाधार परियोजनाहरूमा भएको प्रगतिको निरीक्षण गर्न चिनियाँ राष्ट्रपतिले सन् २०२१ को जुलाईमा निङची प्रान्तको भ्रमण गरेका थिए । उनको तिब्बत भ्रमण यस क्षेत्रलाई पूर्णरूपमा चीनमा एकीकरण गर्न सङ्कल्पको सङ्केत दिनु पनि थियो ।

नेपालले तिब्बतलाई चीनको अभिन्न अङ्ग मान्दै आएको छ । केही अघिसम्म तिब्बतलाई चीनको स्वशासित क्षेत्र भनिन्थ्यो । तर अब यस शब्दको प्रयोग नै बन्द भएको र तिब्बत पूर्णतः चिनियाँ सभ्यता र संस्कृतिमा परिवर्तित हुन थालेको छ । नेपालको उत्तरी क्षेत्रमा बुद्ध धर्म, संस्कृतिको विकासका लागि जुन रूपमा काम हुनुपर्थ्यो त्यो हुन सकेन । सम्भवतः त्यस कारणले पनि होला, तिब्बत पनि बुद्ध धर्म, संस्कृतिको प्रभावबाट कमजोर हुँदै गएको छ । तिब्बतसित हाम्रो घनिष्ट सांस्कृतिक सम्बन्ध बुद्धधर्मकै कारण थियो । तर अब त्यो अवस्था रहेन । तिब्बतका धार्मिक गुरु दलाई लामा लामो समयदेखि निर्वासनमा छन् । चीन सरकारले उनको नाममा नयाँ दलाई लामा नियुक्त गर्दै आएको छ । चीन सरकारद्वारा त्यस क्षेत्रमा भूमिसम्बन्धी नयाँ कानून पनि लागू गरिएको छ । जबकि सीमावर्ती क्षेत्रमा विकास निर्माणको काम पनि तीव्ररूपमा गरिरहेको छ । चीनको आधुनिकीकरणको अभियानले तिब्बतमा पूर्वाधार परियोजनाहरूको निर्माण भएको छ । हालको चौधौं पञ्चवर्षीय योजनाले रेलवे, सडक, ऊर्जा, पाइपलाइन, फाइबर अप्टिक्स, दूर सञ्चार, जलविद्युत्, बाँध र तिब्बती घुमन्तेहरूको पुनर्वासका लागि २२ बिलियन डलर विनियोजन गरेको थियो ।

गत वर्ष पूर्वाधार परियोजनाहरूले तिब्बतमा अनुमानित ५.५ करोड स्वदेशी तथा विदेशी पर्यटकलाई आकर्षित गरे । चीनको आर्थिक नीतिका कारण तेस्रो ध्रुवका देशहरू तनावमा छन् । तिब्बती हिमनदीहरू विगतका दशकहरूमा १५ प्रतिशतभन्दा बढी पग्लिसकेको अवस्था छ । जसले कमजोर वातावरणलाई खतरामा पारेको छ । चीनले चीन-सिजान ट्रान्सहिमालयन फोरममा पाकिस्तान, अफगानिस्तान, नेपाल, भूटान र म्यान्मालाई बोलाएर विश्वास दिलाउने प्रयास गरेको छ कि तिब्बतबारे चिन्ता लिनुपर्ने कारण छैन ।

उता चीनको प्रतिस्पर्धी राष्ट्र भारत पनि आफ्ना नीतिहरूको व्यापक समीक्षा गर्ने, अरुणाचल प्रदेशमा अन्तर्राष्ट्रिय बौद्ध सर्किट निर्माण गर्ने र यस क्षेत्रमा इको-टुरिज्म प्रवर्द्धन गर्ने नीति ल्याएर ट्रान्स हिमालयन फोरमको विकल्प खोज्ने प्रयास गर्नेछ । यसबाट दक्षिण एशियाका कतिपय देशहरू असमञ्जसमा पर्ने निश्चित छ ।

भूराजनीतिक परिस्थितिका कारण चीनले नेपाललाई सहयोग गर्नुमा उसको पनि स्वार्थ गाँसिएको छ । तिब्बतसँग जोडिएको आफ्नो सीमा नेपालमा रहेको तिब्बती शरणार्थीका गतिविधि नेपालमार्फत दक्षिण एशियामा आफ्नो प्रभाव विस्तार र नेपाल हुँदै भारतको विशाल बजार उसका चासो र चिन्ताका विषय हुन् । चीनलाई दक्षिण एशियाका सार्वजनिक मञ्चहरूमा नेपालले सधैं एक चीन नीतिप्रति प्रतिबद्धता प्रकट गर्दै आएको छ । चीनसँगको हाम्रो दौत्य सम्बन्धलाई नेपालले सधैं उदार हृदयले स्वागत गरेको छ । यो पृष्ठभूमिमा चीनसँग नेपालको सम्बन्ध सम्मान, मर्यादा र स्वाभिमानसहितको हुनुपर्छ । खासगरी विश्वमै आफ्नो शक्ति र प्रभाव फैलाउन लम्किरहेको चीनले छिमेक मामिलामा पनि चासो र चिन्ता देखाउन थालेको सन्दर्भमा नेपालले बराबरी स्तरको सम्बन्ध बनाउने काम गर्नुपर्छ । हाम्रा लोकतान्त्रिक मूल्य र मान्यतासँग कुनै सम्झौता गर्नुहुँदैन । बेइजिङसँगको विकास साझेदारीमा हातेमालो गरिरहँदा नेपालले नयाँ दिल्लीको सुरक्षा संवेदनशीलताप्रति ध्यान पुर्‍याउनुपर्छ ।

तेइस वर्षको अन्तरालपछि असोज २०७६ मा चिनियाँ राष्ट्रपति सि जिनपिङले नेपालको भ्रमण गरी हिमाल छिचोलेर उत्तरी ढोका खोल्ने र नेपाललाई भूपरिवेष्ठित हुनुको हीनताबोधबाट मुक्त गराउने सम्भावना देखाए । केरुङ-काठमाडौं रेलमार्ग सकारात्मक देखियो । चीनसँग पारवहन तथा यातायात सम्झौतामा हस्ताक्षर हुनुलाई नेपाली भूराजनीतिको महत्त्वपूर्ण उपलब्धि भएको दाबी गरियो । तर विगत पाँच वर्षमा केही पनि उपलब्धि देखिएन । विसं २०७२ सालमा आएको भूकम्प र कोभिड-१९ को बहानामा आठ वर्षदेखि बन्द उत्तरी सीमा नाकाहरू विगत एक वर्षदेखि आलोपालो गरी खुल्ने गरेका छन् । कथंकदाचित त्यति बेला नेपाल चीनबाटै आयातित खाद्यान्न, औषधि, फलफूल, तरकारी आदिमा निर्भर रहेको भए हाम्रो अवस्था के हुने थियो ? आजको चीनलाई चिन्न हामीले देङ सिआओ पिङको लो-प्रोफाइल कूटनीति अब उल्फ वारियर कूटनीतिमा बदलिएको बुझ्नुपर्छ । नेपाल न आर्थिकरूपले, न सामरिकरूपले नै उत्तरी छिमेकीको लागि प्राथमिकताको विषय रह्यो । अहिलेको ट्रान्सहिमालयन क्षेत्रका लागि गठित फोरममा नेपाल सहभागी भए पनि यसबाट नेपाललाई लाभ भने हुने देखिएको छैन । केवल चीनप्रति हाम्रो समर्थन अभिव्यक्त हुनेछ ।

# मकवानपुरमा उद्योग बन्द हुने क्रम बढ्दो

बाग्मती, १२ भदौ/रासस

पछिल्लो पाँच वर्षयता मकवानपुर जिल्लामा नयाँ उद्योग व्यापार दर्ता घट्दो र बन्द गर्ने क्रम बढ्दै गएको छ । विश्वव्यापीरूपमा देखिएको आर्थिक तरलता, बैंक तथा वित्तीय संस्थाबाट ऋण लगानी कम हुनु, पूँजीको अभाव, दोहोरो दर्ताको व्यवस्थालगायतका कारण यहाँ बर्सेनि नयाँ उद्योग-व्यापार दर्ता घट्दै र बन्द हुने क्रम बढ्दै गएको हो ।

उद्योग तथा वाणिज्य कार्यालयका अनुसार मकवानपुरमा आर्थिक वर्ष २०८०/८१ मा उद्योगतर्फ ३६६ र वाणिज्यतर्फ ३३५ नयाँ उद्योग-व्यापार दर्ता भएका छन् भने सो आवमा उद्योगतर्फ २६८ र वाणिज्यतर्फ ३३६ उद्योग-व्यापार बन्द भएका उद्योग तथा वाणिज्य कार्यालय मकवानपुरका प्रमुख रामप्रसाद भुसालले जानकारी दिए । उनका अनुसार आर्थिक वर्ष २०७९/८० मा उद्योगतर्फ ५७९ र वाणिज्यतर्फ ४३० नयाँ उद्योग-व्यापार दर्ता हुँदा उद्योग र वाणिज्यतर्फका गरी २८३ वटा उद्योगको लगतकट्टा गरिएको थियो ।

यस अघि आव २०७८/७९ मा उद्योगतर्फ ७६७ र वाणिज्यतर्फ ७७० नयाँ दर्ता भएका थिए । सो आर्थिक वर्षमा उद्योग र वाणिज्यतर्फ गरी ११० वटा उद्योग-व्यापारको मात्र लगतकट्टा भएको थियो । आव २०७७/७८ मा उद्योगतर्फ ८२० र वाणिज्यतर्फ ८१० वटा नयाँ उद्योग-व्यापार दर्ता भएकामा सो आवमा उद्योग र वाणिज्यतर्फ गरी ३४० वटा उद्योगको लगतकट्टा गरिएको सो कार्यालयको तथ्याङ्कले देखाएको छ ।




आव २०७६/७७ मा उद्योगतर्फ एक हजार ५३६ र वाणिज्यतर्फ एक हजार ५२५ नयाँ उद्योग-व्यापार दर्ता भएका थिए । सो आवमा उद्योग र वाणिज्यतर्फका गरी २४० वटा उद्योग-व्यापारको लगतकट्टा गरिएको थियो । यसरी पछिल्लो पाँच वर्षको अवधिमा नयाँ उद्योग-व्यापार दर्ता घट्दै जाँदा उद्योग-व्यापार बन्द हुने क्रम बढ्दै गएको छ ।

विभिन्न निकायबाट अनुदान प्राप्त गर्न उद्योग-व्यवसाय दर्ता गराउने र अनुदान पाइसकेपछि बन्द गर्ने प्रवृत्ति, छोराछोरीलाई विदेश पठाउन व्यावसायिक पूँजी देखाउनका लागि मात्र व्यापार-व्यवसाय दर्ता गराउने र पछि छोराछोरी विदेश गएपछि व्यापार-व्यवसाय बन्द गर्ने, व्यापार घाटा हुनु र उद्योग कार्यालयमा दर्ता भएपछि स्थानीय तहमा समेत दर्ता गराउनुपर्ने दोहोरो व्यवस्थाका कारण पनि उद्योग-व्यापार दर्ताभन्दा बन्द गराउने क्रम बढेको प्रमुख भुसालको भनाइ छ । लामो समयदेखिको आर्थिक मन्दीका कारण हेटौंडामा सटरको भाडा तिर्न नसक्दा व्यापारी सम्पर्कविहीन हुने क्रम बढ्दै गएको छ । यसरी सम्पर्कविहीन हुनेमा धेरैजसो सहकारी, विद्यालय, सुनचाँदीपसल, किरानापसल, टेलरिङ, मदिरापसललगायतका व्यापार-व्यवसाय गर्ने रहेका छन् ।

**तीन करोड २२ लाख राजस्व सङ्कलन**

उद्योग तथा वाणिज्य कार्यालय मकवानपुरले आर्थिक वर्ष २०८०/८१ मा विभिन्न शीर्षकमा रु तीन करोड २२ लाख ४९ हजार राजस्व सङ्कलन गरेको छ । सो कार्यालयका अनुसार उद्योगतर्फ नयाँ उद्योग दर्ता, नवीकरण, नामसारी, पूँजी वृद्धि खारेजी, ठाउँसारीलगायतका शीर्षकबाट रु एक करोड ५१ लाख २५ हजार तथा वाणिज्यतर्फ नयाँ दर्ता, नवीकरण, नामसारी, ठाउँसारी, पूँजीवृद्धि, प्रतिलिपिलगायतका शीर्षकबाट रु एक करोड ६१ लाख ९९ हजार राजस्व सङ्कलन भएको छ । सो अवधिमा १७६ महिला र १९० पुरुष नयाँ उद्यमीका रूपमा थपिएका प्रमुख भुसालले बताए ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# धुलिखेल नेपालको पहिलो 'स्वस्थ शहर'

काभ्रेपलाञ्चोक, १२ भदौ/रासस

विश्व स्वास्थ्य सङ्गठनले काभ्रेपलाञ्चोकको पर्यटकीय नगर धुलिखेललाई 'नेपालको पहिलो स्वस्थ शहर' घोषणा गरेको छ । सङ्गठनले तोकेको मापदण्ड पूरा गरेको धुलिखेल पूरा गरेर स्वास्थ्य क्षेत्रको नीतिगत सुधार, स्वास्थ्य क्षेत्रको दिगो विकास लक्ष्य, वातावरणीय सुधार, गरीब नागरिकको स्वास्थ्यमा पहुँच, दीर्घरोग र सरुवा रोग अनि सामुदायिक स्वास्थ्यमा सुधार ल्याउनुका साथै स्थानीय

पर्यटकीय धुलिखेल नगर हाल 'आरोग्य शहर' अभियानमा छ । धुलिखेलले सहस्राब्दी दिगो विकास लक्ष्य (एसडिजी) अन्तर्गतका १७ मध्ये शिक्षा, स्वास्थ्य, गरीबी निवारण र सुरक्षित खानेपानी चार लक्ष्य पूरा गरेपछि हाल 'हाइपरटेन्सन, मधुमेह र मानसिक स्वास्थ्य' कार्यक्रमलाई केन्द्र तथा निरन्तरका शिविरमार्फत प्राथमिकताका साथ अघि सारिएको छ ।

धुलिखेल विश्व स्मार्ट दिगो शहर सङ्गठनको सन् २०२१ देखि २०२३ सम्मको



एशियाको दोस्रो स्वस्थ शहर भएसँगै पाँच हजार डलर पुरस्कार प्राप्त गर्न पनि सफल भएको छ ।

सङ्गठनका प्रमुख डा सुभाजी गुडले मङ्गलवार नेपालको पहिलो स्वस्थ शहर र एशियाको दोस्रो स्वस्थ शहर भएको घोषणा गरेका हुन् । गुडद्वारा घोषणासँगै धुलिखेललाई नेपालको पहिलो स्वस्थ शहर भएकोमा पाँच हजार डलर पुरस्कार घोषणा भएको थियो । एशियामा पहिलो स्वस्थ शहर भारतको पुणे नगर बन्दा र ६५.४८ अङ्क प्राप्त गरी धुलिखेल दोस्रो स्थानमा रहेको घोषणा भएको हो ।

एशियाको दोस्रो र नेपालको पहिलो स्वस्थ शहर घोषणा भएको तथा पाँच हजार डलर पुरस्कार प्राप्त भएको धुलिखेल नगरपालिकाका प्रमुख अशोक ब्यान्जूले बताए । सङ्गठनको मापदण्ड सरकारको प्राथमिक स्वास्थ्योपचारमा गरेको प्रगतिलाई आधार मानेर सो घोषणा गरिएको जनाइएको छ । धुलिखेल नगरले आगामी दिनमा पनि सङ्गठनमार्फत सर्ने र नसर्ने रोग, ज्येष्ठ नागरिक स्वास्थ्य, दलित र गरीब जनसमुदायको स्वास्थ्यमा दिगो विकासको स्वास्थ्य अनि शहरी स्वास्थ्य सुशासनमा काम गर्ने ब्यान्जूले बताए ।

"यो घोषणाले सिङ्गो नेपाल र काभ्रेपलाञ्चोक जिल्लावासीका साथै धुलिखेल नगरवासी खुशी भएका छौं, खुशीसँगै अवसर र चुनौती पनि महसूस गरेका छौं"–ब्यान्जूले भने । नगरले अपाङ्गता क्षेत्र, स्वच्छ खानेपानी, वातावरणीय प्रभाव न्यूनीकरण खोप, सामुदायिक स्वास्थ्य तथा डिजिटल स्वास्थ्य अभिलेख तयार गरी काम गर्दै आएको थियो । स्वास्थ्यमा क्षेत्रमा फडको मारेको हो । नगरले ती चार लक्ष्यको प्रतिवेदन गत अक्टोबर पहिलो साता थाइल्यान्डस्थित संयुक्त राष्ट्रसङ्घमा पेश गरेको थियो । त्यतिबेला उक्त 'स्वेच्छिक समीक्षा प्रतिवेदन' सार्वजनिक गर्नेमा दक्षिण एशियामैं धुलिखेल पहिलो नगर भएको दाबी गरिएको थियो । नगरले हाल १२ वडामा १५ स्वास्थ्य केन्द्र स्थापना गरिसकेको छ भने सबै नागरिकलाई स्वस्थ बनाई आरोग्यता प्रदान गर्न स्वास्थ्यकर्मीलाई घरदैलो पुऱ्याउने कामसमेत सकेको जनाएको छ ।

नागरिकको अवस्था के छ, के–कस्तो उपचार आवश्यक छ पत्ता लगाउन नगरले सर्वेक्षण गरेको हो । केन्द्रमा निश्शुल्क उपलब्ध गराइने ६५ थरीका औषधि पर्याप्त बनाइएको छ । नगरले कार्यसमिति सदस्यमा निर्वाचित नगर हो । विश्वका १३६ देशका शहर सदस्य रहेको सङ्गठनको विश्व स्मार्ट दिगो शहर सङ्गठनको पाँचौं महासभाबाट १७ सदस्यीय कार्यसमितिमा पनि धुलिखेल निर्वाचित भएको थियो ।

यस्तै धुलिखेल नगरले नगर क्षेत्रभित्र कोइला प्रयोग गर्न प्रतिबन्ध लगाएको खबर गत सन् २०२२ नोभेम्बर पहिलो साता स्कटल्यान्डको ग्लास्गो शहरमा आयोजित जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलन (कोप–२६)मा चर्चाको विषय बनेको थियो । नगरले कोइलामुक्त बनाउने अभियानलाई अन्य निकाय तथा मुलुकले पनि अनुमोदन गर्न आग्रह गरिरहेको अवस्थामा उक्त सम्मेलनमा विश्वका अधिकांश राष्ट्रले कोइला प्रयोग रोक्ने घोषणा गरेका थिए ।

# सामान्य अङ्कले बढ्यो नेप्से परिसूचक

काठमाडौं, १२ भदौ/रासस

यो साता कारोबारका अघिल्ला दुई दिन लगातार उच्च अङ्कले घटेको नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक बुधवार भने सामान्य अङ्कले बढेको छ । आज नेप्से परिसूचक ३.८० अङ्कले बढेर २७८६.४० को बिन्दुमा कायम भएको हो ।

आज २२६ कम्पनीका तीन करोड ५० लाख सात हजार ३९ कित्ता शेयर एक लाख ६८ हजार १७५ पटक खरीद–बिक्री हुँदा रु १३ अर्ब ७२ करोड ७३ लाख ६८ हजार ३९३ बराबरको कारोबार भएको छ । आजको कारोबारमा बैंकिङ ०.९२, होटल तथा पर्यटन ०.०९, जलविद्युत् ०.४९ र लगानी १.०१ प्रतिशतले बढेका छन् ।

त्यस्तै, उत्पादन तथा प्रशोधन ०.०३, म्युचुअल फन्ड ०.९३ र अन्य समूह ०.०९ प्रतिशतले बढेका छन् । अरू सबै समूहका उपसूचक घटेका छन् । व्यापार १.४३, निर्जीवन बीमा ०.९७, लघुवित्त १.०८, जीवन बीमा ०.४४, वित्त १.६९ र विकास बैंक ०.८० प्रतिशतले घटेका छन् ।

लिबर्टी इनर्जी कम्पनी लिमिटेड, हिमालयन हाइड्रोपावर लिमिटेड र मिड सोलु हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने कर्णाली डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य ६.८८ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै चन्द्रागिरि हिल्स लिमिटेडको रु ४३ करोड सात लाख ८६ हजार नौ सय बराबरको शेयर किनबेच भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा हाइड्रोइलेक्ट्रिस सिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको १० लाख ६० हजार २८४ कित्ता शेयर खरीद–बिक्री भएका छन् ।



**चुरे पहाड र सुक्खा खाँडो नदी :** कञ्चनपुर–राजविराज सडकखण्डमा पर्ने सप्तरीको बिरौलस्थित खाँडो पुलबाट उत्तरपट्टि देखिएको चुरे पहाड र पृष्ठभूमिमा सुक्खा खाँडो नदी । तस्बिरः अरुणकुमार यादव/रासस

# अमेरिकी डलर, युरो र पाउन्ड स्टर्लिङको भाउ बढ्यो

काठमाडौं, १२ भदौ/रासस

बुधवार अमेरिकी डलर, युरो र पाउन्ड स्टर्लिङलगायत विदेशी मुद्राको भाउ बढेको छ । नेपाल राष्ट्र बैंकका अनुसार मङ्गलवारको तुलनामा बुधवार ती मुद्राको भाउ बढेको हो ।

बैंकका अनुसार आज अमेरिकी डलर एकको खरीददर १३३ रुपियाँ ९९ पैसा र



बिक्रीदर १३४ रुपियाँ ९९ पैसा कायम छ । मङ्गलवार अमेरिकी डलर एकको खरीददर १३३ रुपियाँ ९५ पैसा र बिक्रीदर १३४ रुपियाँ ५५ पैसा थियो ।

त्यसैगरी, मङ्गलवार युरो एकको खरीददर १४९ रुपियाँ ५६ पैसा र बिक्रीदर १५० रुपियाँ २३ पैसा रहेकोमा आज खरीददर १४९ रुपियाँ ६६ पैसा र बिक्रीदर १५० रुपियाँ ३३ पैसा तथा बेलायतको पाउन्ड स्टर्लिङको मूल्य आज एकको खरीददर १७७ रुपियाँ १७ पैसा र बिक्रीदर १७७ रुपियाँ ९६ पैसा कायम छ । मङ्गलवार पाउन्ड स्टर्लिङको भाउ एकको खरीददर १७६ रुपियाँ ६० पैसा र बिक्रीदर १७७ रुपियाँ ३९ पैसा थियो ।

स्वीस फ्र्याङ्क एकको खरीददर १५८ रुपियाँ ४६ पैसा र बिक्रीदर १५९ रुपियाँ १७ पैसा कायम छ । अस्ट्रेलियन डलर एकको खरीददर ९० रुपियाँ ९२ पैसा र बिक्रीदर ९१ रुपियाँ ३३ पैसा, क्यानेडियन डलर एकको खरीददर ९९ रुपियाँ ५१ पैसा र बिक्रीदर ९९ रुपियाँ ९६ पैसा, सिङ्गापुर डलर एकको खरीददर १०२ रुपियाँ ८० पैसा र बिक्रीदर १०३ रुपियाँ २६ पैसा कायम छ ।

बैंकका अनुसार जापानी येन १० को खरीददर ९ रुपियाँ २६ पैसा र बिक्रीदर ९ रुपियाँ ३१ पैसा, चिनियाँ युआन एकको खरीददर १८ रुपियाँ ८० पैसा र बिक्रीदर १८ रुपियाँ ८८ पैसा कायम छ ।

त्यसैगरी, साउदी रियाल एकको खरीददर ३५ रुपियाँ ७१ पैसा र बिक्रीदर ३५ रुपियाँ ८७ पैसा, कतारी रियाल एकको खरीददर ३६ रुपियाँ ७५ पैसा र बिक्रीदर ३६ रुपियाँ ९२ पैसा, थाई भाट एकको खरीददर तीन रुपियाँ ९३ पैसा र बिक्रीदर तीन रुपियाँ ९५ पैसा, युएई दिराम एकको खरीददर ३६ रुपियाँ ४८ पैसा र बिक्रीदर ३६ रुपियाँ ६४ पैसा कायम छ ।

केन्द्रीय बैंकका अनुसार मलेशियन रिङ्गेट एकको खरीददर ३० रुपियाँ ८२ पैसा र बिक्रीदर ३० रुपियाँ ९६ पैसा, कोरियन वन १०० को खरीददर १० रुपियाँ ७ पैसा र बिक्रीदर १० रुपियाँ ११ पैसा, स्वीडिश क्रोनर एकको खरीददर १३ रुपियाँ १४ पैसा र बिक्रीदर १३ रुपियाँ २० पैसा कायम छ ।

डेनिस क्रोनर एकको खरीददर २० रुपियाँ ६ पैसा र बिक्रीदर २० रुपियाँ १५ पैसा, हङकङ डलर एकको खरीददर १७ रुपियाँ १७ पैसा र बिक्रीदर १७ रुपियाँ २५ पैसा, कुवेती दिनार एकको खरीददर ४३८ रुपियाँ ९१ पैसा र बिक्रीदर ४४० रुपियाँ ८७ पैसा र बहराइन दिनार एकको खरीददर ३५५ रुपियाँ ५६ पैसा र बिक्रीदर ३५७ रुपियाँ १५ पैसा कायम छ ।

केन्द्रीय बैंकले खुला बजारमा भने मूल्य फरक पर्न सक्ने जनाएको छ ।

# राजस्व चुहावट नियन्त्रण गरी करमैत्री सेवा विस्तार गरिने

काठमाडौं, १२ भदौ/रासस

केन्द्रीय राजस्व चुहावट नियन्त्रण समितिले राजस्व चुहावट नियन्त्रण र करमैत्री सेवा विस्तार गरी चालू आर्थिक वर्षमा राजस्व सङ्कलनको लक्ष्य पूरा गर्ने निर्णय गरेको छ ।

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलको अध्यक्षता, गृहमन्त्री रमेश लेखकसहित राजस्व सङ्कलनमा महत्त्वपूर्ण भूमिका रहेका विभिन्न निकायका प्रमुखहरूको आज सिंहदरबारस्थित अर्थ मन्त्रालयमा बसेको बैठकले राजस्व सङ्कलनको लक्ष्य पूरा गर्न राजस्व प्रशासनमा खटेका कर्मचारी र सुरक्षाकर्मीको कार्य सम्पादन मूल्याङ्कनलाई महत्त्वपूर्ण आधार बनाउने निर्णय गरेको हो ।

बैठकले राजस्व चुहावट नियन्त्रण गर्न केन्द्रीय द्रुत गश्ती टोली गठन गरी पूर्वदेखि पश्चिमसम्म परिचालन गर्ने निर्णय गरेको छ । राजस्व चुहावट नियन्त्रणसम्बन्धी व्यवस्थित कार्ययोजना कार्यान्वयन गर्ने, कानूनसम्मत कारोबार गरेका करदातालाई कुनै किसिमको असहज नहुनेतर्फ सजग रहने, गैरकानूनी आर्थिक गतिविधि गर्ने कसैलाई छुट नदिने निर्णय गरिएको अर्थमन्त्री पौडेलले जानकारी दिए ।

राजस्व चुहावट नियन्त्रण गर्न अर्थ र गृह मन्त्रालय अन्तर्गतका विभिन्न निकायबीच प्रभावकारी समन्वय गरी अघि बढ्ने निर्णय पनि बैठकले गरेको छ । बैठकमा अर्थमन्त्री पौडेलले राजस्व चुहावट गर्ने कसैले छुट नपाउने उल्लेख गर्दै एउटै व्यक्ति एउटै जिम्मेवारी र स्थानमा लामो समय रहँदा हुन सक्ने अनपेक्षित सम्बन्ध 'ब्रेक' गर्नेगरी राजस्व प्रशासनसँग जोडिएका कर्मचारी र प्रहरीको 'पोस्टिङ' गर्न निर्देशन दिए ।

अर्थमन्त्री पौडेलले सीमा नाकाहरूमा स्क्यानरसहितका आधुनिक प्रविधि प्रयोग गरेर निगरानी प्रभावकारी बनाउन, आयातित वस्तुको वर्गीकरण तथा मूल्याङ्कन यथार्थपरक बनाउन, बजारमा बिलबिजक लिने–दिने कार्यलाई प्रोत्साहन गर्नाका साथै नक्कली बिजक वा फार्म खडा गरी हुन सक्ने राजस्व चुहावटप्रति गम्भीरतापूर्वक अनुसन्धान गर्न निर्देशन दिए । निष्ठा र दृढताका साथ आफ्नो जिम्मेवारीमा अघि बढ्नुपर्ने भन्दै उनले राजस्व प्रशासन र सुरक्षाकर्मीका पाइलाहरू गुणात्मकरूपमा उचाइमा पुग्ने विश्वास व्यक्त गरे ।

गृहमन्त्री रमेश लेखकले राजस्व चुहावट नियन्त्रण गरी राजस्वको लक्ष्य पूरा गर्न गृह मन्त्रालयले आवश्यक सबै सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले कर तिर्नका लागि प्रोत्साहन गर्न आग्रह गरे ।

बैठकमा अर्थ सचिव, राजस्व सचिव, आन्तरिक राजस्व विभागका महानिर्देशक, भन्सार विभागका महानिर्देशक, राजस्व अनुसन्धान विभागका महानिर्देशक, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक, राष्ट्रिय अनुसन्धान विभाग, नेपाल प्रहरी, सशस्त्र प्रहरी बललगायत अधिकारीहरूले राजस्व चुहावट नियन्त्रणका लागि सूचना आदानप्रदानलाई प्रभावकारी बनाइ परस्पर समन्वय गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

# रावणलाई जितेको खुसीयालीमा नाचिन्छ हनुमान नाच

खेमराज गौतम/रासस

गलकोट (बागलुङ), १२ भदौ/रासस

गालामा अनेकथरी पोतिएको रङ, रहेको हनुमान नाच र देखाउने तालका कारण बुझ्न र देख्न सकिन्छ। रामको सेवकका रूपमा रहेको हनुमान रहेको हनुमान नाच संरक्षण परिषद् बागलुङका अध्यक्ष तीर्थप्रसाद श्रेष्ठले बताए। हनुमान नाचमा कलाकार बनेर सहभागी हुन कडा अध्यक्ष मुकेशचन्द्र राजभण्डारीले बताए। हनुमान नाचमा यसपटक रु १५ लाखसम्म खर्च हुने अनुमान गरिएको छ।




शिरमा श्रीराम लेखिएको रातोपट्टी, शरीरको माथिल्लो भागमा रातो र तल्लो भागमा सेतो पहिरन, पछाडि पुच्छर जोडेर हनुमान जस्तै देखिने एक हुल मानिस जोडी बनेर बागलुङ बजारमा नाच्दै हिंड्छन्।

एकापसमा लौरो ठोक्दै हनुमानको भेषमा सजिएका युवाहरू २६ जना युवा १० तालको शुरूमा नाच्दै हिंड्ने परम्परा यहाँका नेवार समुदायले झन्डै तीन सय वर्षदेखि बचाउँदै आएका छन्। नाच्नेहरू 'हनुमानको स्वरूप'मा उत्रिन्छन् भने विभिन्न तालमा बाजा बजाउँदा अन्य व्यक्तिहरूको पनि शरीरमा कम्पन पनि हुने गर्छ। उनीहरूले 'वीर चढेको' भनिन्छ। उनीहरू अचेत जस्तै बनेर हल्लिन्छन्। नाचमा सहभागी पुजारीले वीर उठेका हनुमानलाई नियन्त्रणमा लिन्छन्। हनुमान नाचमा संलग्न पुजारीले सेता गन्जी र कछाड बाँध्ने गर्छन्।

दुई/दुई जनाको जोडी बनाएर सङ्गीतको तालमा नाच्नुलाई हनुमान नाचको रूपमा लिइन्छ। हनुमान नाच नेवार समुदायमा प्रचलित सांस्कृतिक नाच हो। भूपतिन्द्र मल्लको पालामा भक्तपुरबाट शुरू गरेको 'हनुमान नाच' बागलुङका नेवार समुदायले संरक्षण गरेका हुन्। खर्चिलो नाचको रूपमा रहेको यो नाच व्यवस्थापनमैं कठिन भएपछि तीन वर्षमा देखाइने नाच बिस्तारै पाँच वर्ष, सात वर्ष र अहिले नौ वर्षमा पुगेको स्थानीय मुकेशचन्द्र राजभण्डारी बताउँछन्। पुर्खाले आफ्नो उद्गमस्थलबाट लिएर आएको धार्मिक संस्कार जोगाउन मुश्किल भएको श्रेष्ठको भनाइ छ।

यस नाच रामायण कथामा आधारित भन्दै नाच शुभारम्भको दिन बागलुङ बजार परिक्रमासँगै बागलुङ नगरपालिका-४ उपल्लाचौरस्थित राममन्दिर परिक्रमा गरेर फर्कने राजभण्डारीको भनाइ छ। अष्टचिरञ्जीवीका रूपमा हनुमानलाई पूजा गर्ने र उनैको नाच प्रदर्शन गर्दा जीवनभर शक्ति प्राप्त हुने विश्वास रहेको छ।

भक्तपुरका नेवार समुदाय १७६८ सालमा व्यापार तथा व्यवसाय गर्नका लागि बागलुङ आएसँगै हनुमान नाच नाच्न थालिएको इतिहास रहेको पाइन्छ। बीचमा केही वर्ष हराएको नाचले २०१३ सालदेखि निरन्तरता पाउन थालेको हो। बागलुङ बजारको नारायण चोकबाट शुरू हुने उक्त नाचमा बागलुङ बजार हुँदै उपल्लाचौरको राममन्दिर पुगेर फर्कने गरिन्छ। मङ्गलवारदेखि शुरू गरिएको हनुमान नाच चैतसम्म नाचिने हनुमान नाच संरक्षण परिषद् बागलुङले जनाएको छ।

कोरोना कहरलगायतका कारण बीचमा केही वर्ष नाच रोकिएको मूल व्यवस्थापक ईश्वर मलेपतीले जानकारी दिए। २०७२ सालमा विधिवत् नाचिएको नाच अहिले आएर नाचिन थालिएको छ। हनुमान नाच संरक्षण परिषद् बागलुङको पहलमा यहाँका नेवार समुदायका युवाहरू साउन महीनादेखि नै यसको तयारीमा जुटेका थिए।

यस नाचमा कम्तीमा १३ र बढीमा १५ जोडी युवा हनुमानको भेषधारण गरी नाच्ने गर्छन्। पुस्तान्तरण नहुँदा हनुमान नाच संरक्षणमा चुनौती बढेको भन्दै यस वर्ष नेवार समुदायका युवा पुस्तालाई हनुमानको रूपमा अगाडि सारिएको अनुशासन र आचारसंहिता पालना गर्नुपर्ने हुन्छ। नाचमा सहभागी हुने कलाकारलाई शपथ खुवाएर मात्रै सहभागी गराउने गरिन्छ।

बागलुङ नगरपालिका-३ नारायणचोकको भीमसेन मन्दिरभित्र नास्योध्योलाई पूजा गरेर हनुमान पौवामा गएर हनुमानको पूजा गरेपछि विधिवत्रूपमा हनुमान नाच शुभारम्भ हुने मूल व्यवस्थापक मलेपतीले बताए। "यो नाच नेपालबाटै लोप हुने अवस्थामा छ, संरक्षणका लागि ढिलै भएपनि नाच देखाउन थालिएको छ," उनले भने। उनका अनुसार हुनमानको मूर्ति लिएर बजार परिक्रममा गरी नारायणचोक चौतारीमा स्थापना गर्ने र नाच विसर्जन गरेपछि पुनः मूर्तिलाई हनुमान मन्दिरमा लगेर राख्ने परम्परा रहेको छ।

बाजाको तालमा एकअर्कालै लठी ठोकेर पुच्छर हल्लाउँदै हनुमानको भेषमा हिंड्नुपर्छ। हनुमान नाचमा विभिन्न प्रकारका ताल छोपेर नाच्नुपर्छ। हनुमान नाचमा १० ताल हुने गरेको मलेपतीको भनाइ छ। कुनै पनि ताल बजाउँदा कलाकारहरूले करीब दुई इन्चको मोटाइ भएको १.५ फिट लामो गोलो आकारको डन्डीको एक छेउको टुप्पा भुइँमा टेकाइ अर्को छेउमा आफ्नो दुवै हातले टेकी घोप्टो अवस्थामा अनुशासित र मर्यादित ढङ्गबाट अखडामा रहनुपर्छ। यसमा पहिलो ताल, सलामी ताल, छ ताल, १२ ताल, १६ ताल, घेरा हाल्ने ताल, आठ ताल, भजन ताल र २४ ताल र प्रस्थान ताल रहेका छन्।

आर्थिकरूपमा र कलाकार जोहो गर्न पनि कठिन हुन थालेपछि जोगाउनै मुश्किल परेको मङ्काः खल बागलुङका जनशक्तिको हिसाबले धेरैजना कलाकार आवश्यक पर्ने र आर्थिकरूपमा पनि खर्चिलो हुने गरेको हनुमान नाच जोगाउन कठिन भएको उनको भनाइ छ।

रामायण कथामा रहेको राम वनवास भएको समयमा सीतालाई हरण गरेपछि रावणले रामसँग गरेको टकरावलाई लिएर नाचको उदय भएको मानिन्छ। पौराणिक ग्रन्थ रामायण अनुसार मर्यादा पुरुष भगवान् रामचन्द्रकी पत्नी सीतालाई लङ्काका राजा रावणले हरण गरी लग्दा हनुमानको सहयोगबाट सीतालाई फर्काउन सफल भएको खुसीयालीमा हनुमान नाचिएको इतिहास रहेको छ।

हनुमानले रामका भाइ लक्ष्मण बेहोश हुँदा सञ्जीवनी बुटीका लागि पर्वतै उचाली उनको प्राण बचाउनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए। वीर हनुमानमा निहित पराक्रम, वीरता, अनुशासन, भक्तिभावलाई नृत्यको माध्यमबाट आराधना र प्राथना गर्नाले शक्ति मिल्छ भन्ने हिन्दू धर्मावलम्बीहरूको विश्वासले मल्लकालदेखि नै यो नाच नाचिने गरेको छ।

बागलुङ नगरभित्र मात्रै नाचिने हनुमान नाचलाई बागलुङ नगरपालिकाले विश्व सम्पदामा सूचीकरण गर्न पहल गर्ने जनाएको छ। नगरपालिकाले हनुमान नाचलाई विश्व सम्पदामा सूचीकरणको आवश्यक काम अगाडि बढाइने जनाउँदै संरक्षणका लागि बजेटसमेत विनियोजन गरेको नगर उपप्रमुख राजु खड्काले जानकारी दिए। पर्यटन प्रवर्द्धनका लागि उक्त नाचको संरक्षण र पुस्तान्तरण गर्न आवश्यक भएकाले नगरपालिकाले चासो दिएको हो।




**तीव्र गतिमा चल्ने रेल :** छिमेकी मित्रराष्ट्र चीनको राजधानी बेइजिङबाट विभिन्न प्रदेशमा जानका लागि तीव्र गतिमा चल्ने हाई स्पीड रेल। प्रतिघण्टा ३५० किलोमिटरसम्म गुड्ने भएकाले लामो दूरीमा जानुपर्ने यात्रुहरू यसै रेलमार्फत आवतजावत गर्ने गर्छन्। तस्बिरः रत्न श्रेष्ठ/रासस

## फरक समाचार

### के नियमित योगले उच्च रक्तचाप नियन्त्रण गर्न सकिन्छ ?

उच्च रक्तचाप यस्तो अवस्था हो, जसको कुनै लक्षण देखिंदैन तर यसले हामीलाई हृदयघातको जोखिममा पक्कै राख्न सक्छ। उच्च रक्तचापलाई बेवास्ता गर्नुहुँदैन। उच्च रक्तचाप भएका बिरामीहरूलाई हृदयघात र स्ट्रोकको उच्च जोखिम हुन्छ। गतिहीन जीवनशैली, खराब आहार, मोटोपन, धूमपान, तनाव, पारिवारिक इतिहास र अन्य धेरै कारणले हाम्रो रक्तचापको सङ्ख्या बढाउन सक्छ। स्वस्थ आहारको सेवन र नियमित व्यायाम गर्नाले रक्तचापको सङ्ख्या नियन्त्रण गर्न मदत गर्न सक्छ। नियन्त्रण गर्ने अर्को प्राकृतिक र सुरक्षित तरीका योग अभ्यास हो।

योग तन्दुरुस्त रहने एउटा पुरानो विधि हो, जसले हाम्रो धेरै स्वास्थ्य समस्यालाई समाधान गर्न सक्छ। योगासनमा एक निश्चित ढाँचामा सास फेर्नु समावेश हुन्छ, जसले रक्तचाप नियन्त्रण गर्न र तनाव कम गर्न मदत गर्छ। यसले हाम्रो मुटुको कार्यप्रणालीलाई पनि बढाउँछ। योगले हाम्रो दिमाग र शरीरमा सकारात्मक प्रभाव पार्छ। अब उच्च रक्तचाप नियन्त्रण गर्ने सजिला योग आसनहरूबारे जानौं।

**१) बाल मुद्रा वा बालासन**



उच्च रक्तचापका बिरामीका लागि बाल आसन लाभदायक हुन्छ। यो आसनले हामीलाई उच्च रक्तचापमा योगदान दिने विभिन्न कारकहरूबाट राहत दिन सक्छ। यो आसनले तनाव कम गर्छ र शरीरमा रक्तसञ्चार सुधार गर्छ। यो आसन गर्दा नियन्त्रित श्वासप्रश्वासलाई बढावा मिल्छ र घाँटी तथा काँधको तनाव कम गर्छ।

**२) सुखासन वा सजिलो मुद्रा**



यो एक लोकप्रिय योग आसन हो, जसले श्वासप्रश्वास नियन्त्रण गर्छ। यो आसनले हाम्रो शान्तिपूर्ण दिमागलाई ऊर्जा दिएर तनाव कम गर्छ र उच्च रक्तचापबाट राहत दिन्छ।

शान्त मनले स्वस्थ शरीरलाई बढावा दिन्छ। यो आसनले ढाड र घाँटी तन्किंदा आराम मिल्छ। यसले हाम्रो शरीरको मुद्रामा पनि सुधार ल्याउँछ।

**३) शवासन**



शवासन विश्रामको लागि हो। यो एउटा सजिलो आसन हो, जुन हामी रक्तचाप नियन्त्रण गर्न अभ्यास गर्न सक्छौं। शवासनले हाम्रो दिमागलाई शान्त बनाउँछ, तनाव कम गर्छ, शरीरलाई आराम दिन्छ। टाउको दुखाइ, थकान र अनिद्रामा फाइदा पुर्‍याउँछ। यी सबै उच्च रक्तचापका लागि जोखिमपूर्ण कारक हुन्। यी कारकहरू नियन्त्रण गरेर शवासनले रक्तचाप कम गर्न योगदान गर्छ।

**४) कोब्रा पोज**



कोब्रा पोज, जसलाई भुजङ्ग आसन पनि भनिन्छ, यो आसन रगत र अक्सिजनको सञ्चारमा सहयोगी हुन्छ। यो आसनले पनि तनाव कम गर्छ र मुटुको स्वास्थ्य राम्रो राख्छ।

यो आसन गर्नाले शरीर थप लचिलो भएको महसूस गर्न सकिन्छ। दमका बिरामीहरूका लागि पनि यो आसन लाभदायक मानिन्छ।

**५) ब्रिज पोज (पुल मुद्रा)**

ब्रिज पोजले पनि रक्तचाप नियन्त्रण गर्छ। यसले दिमागलाई शान्त पार्छ र तनाव कम गर्छ। यो आसन हल्का अवसादको अवस्थालाई व्यवस्थापन गर्न पनि लाभदायक छ। उच्च रक्तचापबाहेक ब्रिज पोज पेटका अङ्ग, फोक्सो, महीनावारीको दुखाइ, थकान, टाउको दुखाइ र अनावश्यक चिन्ताको लागि राम्रो मानिन्छ।



यदि लामो समयदेखि उच्च रक्तचापको समस्या छ भने यो अवस्थालाई बेवास्ता गर्नुहुँदैन र चिकित्सकसँग परामर्श लिनुपर्छ। योग हाम्रो शरीर र समग्र स्वास्थ्यको लागि अत्यन्त लाभदायक छ।

यदि उच्च रक्तचापको लागि औषधि लिइरहेको अवस्था छ भने आफ्नो दिनचर्यामा योग समावेश गर्नु अघि एकपटक चिकित्सकसँग परामर्श गर्नु उचित मानिन्छ।

### वृद्धहरूका लागि अञ्जीरका फाइदाहरू

यसले कब्जियत र रगतको विकार हटाउँछ किनभने अञ्जीर कब्जियत निवारक, पित्तनाशक, रक्तरोग निवारक, वायु विकार हटाउने फल हो।



शरीरमा सधैं थकान महसूस हुनु, निद्रा नलाग्नु, कुनै काममा व्यस्त हुन मन नलाग्नु जस्ता समस्याहरू यसको सेवन गर्नाले फाइदा हुन्छ।

अञ्जीरले रगत बढाउँछ, बलगम बाहिर निकाल्छ र शरीरको रङ्ग निखार्छ। अञ्जीरको सेवनले दम र क्षयरोगमा कफ उत्पादन रोक्न र शक्ति बढाउन फाइदाजनक हुन्छ। यसको यस्ता गुणवत्ताका कारण महात्मा गाँधी सधैं अञ्जीर सेवन गर्थे।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# बङ्गलादेशमा सुरक्षा बलद्वारा बेपत्ता पारिएका घटनाबारे अनुसन्धान शुरू

ढाका, १२ भदौ/एएफपी

बङ्गलादेशका अपदस्थ प्रधानमन्त्री शेख हसिनाको शासनकालमा सुरक्षा फौजले बलपूर्वक बेपत्ता पारेका सयौं घटनाका सम्बन्धमा अनुसन्धान शुरू भएको बुधवार बङ्गलादेश सरकारले जनाएको छ ।

बलपूर्वक बेपत्ता पारेका भनिएका घटनामा कुख्यात र्‍यापिड एक्शन बटालियन (आरएबी) भनिने अर्धसैनिक बलको अत्यधिक संलग्नता रहेको छ ।

आरएबीमाथि धेरै अधिकार उल्लङ्घन गरेको आरोप लगाइएको छ, र यसलाई संयुक्त राज्य अमेरिकाले गैरन्यायिक हत्या र बलपूर्वक बेपत्ता पार्ने भूमिकाको लागि प्रतिबन्ध लगाएको थियो ।

ह्युमन राइट्स वाचले सन् २००९ मा हसिना सत्तामा आएयता सुरक्षा फौजले '६०० भन्दा बढी बलपूर्वक बेपत्ता पारिएका' घटना रेकर्ड गरेको र करीब १०० जना कहाँ छन् अहिले पनि कुनै जानकारी छैन ।

पक्राउ पर्नेमा हसीनाका प्रतिद्वन्द्वी बङ्गलादेश नेशनलिस्ट पार्टी र देशको सबैभन्दा ठूलो इस्लामिक पार्टी जमात–ए–इस्लामीका रहेका छन् ।

हसिनाको सरकारले लगातार आरोपको खण्डन गर्दै बेपत्ता भएकामध्ये केही युरोप पुग्ने क्रममा भूमध्यसागरमा डुबेको दाबी गरेको छ ।

हप्तौंदेखि जारी विद्यार्थी आन्दोलनले १५ वर्ष लामो शासनको अन्त्य गर्दै राजीनामा दिन बाध्य पारेपछि पूर्वप्रधानमन्त्री हसिना अगस्त ५ मा हेलिकप्टरबाट भारत गई शरण लिएकी छन् ।

**बेपत्ता र यातना**

उच्च अदालतका अवकाशप्राप्त न्यायाधीश मोइनुल इस्लाम चौधरीको अध्यक्षतामा गठित पाँच सदस्यीय समितिले बोर्डर गार्ड बङ्गलादेश (बिजिबी) लगायत अर्धसैनिक बलका अन्य प्रहरी एकाइमाथि पनि अनुसन्धान गर्नेछ ।

संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार कार्यालयले आरएबी र बिजिबी दुवै सेनासँग 'बलपूर्वक बेपत्ता पारिएका, यातना र दुर्व्यवहारलगायत गम्भीर मानव अधिकार उल्लङ्घनका रेकर्ड' रहेको बताएको छ ।

नोबेल शान्ति पुरस्कार विजेता मोहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारले काम शुरू गर्न आदेश दिएको आयोगलाई प्रतिवेदन बुझाउन ४५ दिनको समय दिइएको छ ।

हसिनाको पालामा हिरासतमा लिइएका व्यक्तिहरूको रिहाइका लागि अभियान चलाइरहेको समूहकी संयोजक सन्जिदा इस्लाम टुलीले आयोगको स्वागत गरेकी छन् ।

सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको रिपोर्ट पूर्णरूपमा प्रकाशित गर्नु र कुनै पनि जानकारी नलुकाइनु हो"–टुलीले एएफपीसँग भनिन् । जसको अर्थ आमाको आह्वान, 'द कल अफ द मदर्स', हो ।

हराएका आफन्तको खोजी गर्नेहरूसँग मिलेर यसै महीनाको शुरूमा युनुससँग भेटेर कारबाईको माग गरेकी टुलीले आयोगले हरेक परिवारको कुरा विनाभेदभाव सुनोस् भन्ने चाहेको बताएकी थिइन् ।

उनले बेपत्ता भएका फिर्ता हुन् र जिम्मेवारहरूले न्याय पाऊन् भन्ने चाहेको बताइन् ।

संयुक्त राष्ट्रसङ्घको अधिकार टोलीको प्रारम्भिक प्रतिवेदन अनुसार हसिनालाई पदच्युत गर्नु अघिका हप्ताहरूमा ६०० भन्दा बढी व्यक्तिको मृत्यु भएको थियो ।

उनी भागेको एक दिनपछि ढाकास्थित सैन्य गुप्तचर बलको भवनबाहिर परिवारका सदस्यहरू आफ्ना नातेदारहरूको पर्खाइमा भेला भएका थिए । तर, औंलामा गन्न सक्नेलाई मात्र रिहा गरिएको पुष्टि भएको छ । रासस

# विषाक्त मदिरा सेवन गर्दा छजनाको मृत्यु

बैंकक, १२ भदौ/एएफपी

थाइल्यान्डमा गैरकानूनीरूपमा बनाइएको मेथानोलयुक्त मदिरा पिउँदा कम्तीमा छजनाको मृत्यु भएको र गम्भीर अवस्थामा रहेका २० जनाभन्दा बढीलाई अस्पताल भर्ना गरिएको अधिकारीहरूले बुधवार बताएका छन् ।

बैंककको उत्तरपश्चिमी किनारमा रहेको 'ख्लोङ साम वा' जिल्लामा यो घटना भएको हो । अधिकारीहरूले यस क्षेत्रको सडक किनारमा रहेका १९ पसलमा अवैध मदिरा बिक्री गरेको छापापछि फेला पारिएको थाई प्रशासनले जनाएको छ ।

अस्पतालमा बुधवार बिहान छ जनाको मृत्यु भएको र २२ जनाको अवस्था गम्भीर रहेको बैंकक मेट्रोपोलिटन प्रशासनले एक विज्ञप्तिमा जनाएको छ ।

मदिरा पिएर बिरामी हुनेमध्ये एकजनाका आफन्तले सार्वजनिक प्रसारणकर्ता थाई पिबिएसलाई बताए–"मदिरा पिएपछि मेरा बुबाले पेट गुडगुडिएको बताएको र पछि बेहोश हुनुभएको थियो । उहाँलाई आइसियुमा राखी उपचार गरेपछि अहिले होशमा हुनुहुन्छ ।"

थाइल्यान्डमा मदिरा बिक्रीलाई प्रत्येक दिनको निश्चित घण्टामा सीमित गर्ने र धार्मिक बिदाका दिनहरूमा यसको व्यापारमा प्रतिबन्ध लगाउने कडा मदिरा कानूनी प्रावधान छन् । तर यस्ता नियमले स्थानीयरूपमा 'या डोङ' भनेर चिनिने अनियमित ढङ्गले बनेको सस्तो रक्सीको कालो बजारलाई प्रोत्साहन गरेको आलोचकहरूले बताएका छन् ।

'ख्लोङ साम वा' जिल्लाका शीर्ष स्थानीय अधिकारी सोमवाङ चाइप्राक्राइवानले अधिकारीहरूले यस क्षेत्रका अवैध मदिरा पसलमाथि कारबाई गरेको बताए ।

"प्रहरी र अन्तःशुल्क विभागले गैरकानूनी मदिरा व्यापारीलाई पक्राउ गरी हिरासतमा लिएको छ"–सोमवाङले बताए ।

अवैधरूपमा बनाइएको मदिरामा यसको शक्ति बढाउन प्रायः मेथनोल मिसाइन्छ । मेथानोलको सेवनले अन्धोपन, कलेजोको क्षति र मृत्युसमेत निम्त्याउन सक्छ । रासस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | प्रगति | वृष | वादविवाद |
| मिथुन | यात्रालाभ | कर्कट | कडाश्रम |
| सिंह | सुसमाचार | कन्या | उदरपीडा |
| तुला | विजय | वृश्चिक | धनलाभ |
| धनु | भाग्योदय | मकर | बेचैनी |
| कुम्भ | मनोरञ्जन | मीन | कर्मप्राप्ति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# आँधीपछि आएको पहिरोले चारजना बेपत्ता

टोकियो, १२ भदौ/एएफपी

जापानमा आँधी र भारी वर्षापछि आएको बाढीसँगै र गएको पहिरोले एउटै परिवारका चार सदस्य बेपत्ता भएको अधिकारीहरूले बुधवार बताएका छन् ।

सानसान नामक चक्रवात बुधवार बिहान दक्षिणी अमामी द्वीपसमूहबाट ८० किलोमिटर उत्तरपूर्वमा २५२ किलोमिटर प्रतिघण्टाको गतिमा आएको थियो ।

अधिकारीहरूका अनुसार भारी वर्षाले मङ्गलवार राति आइची प्रान्तको गामागोरी शहरमा घर बगाउँदा उनीहरूको बेपत्ता भएका हुन् ।

एकै परिवारका पाँचजना सदस्य बसेको घर पहिरोले प्रभावित हुँदा एकजनाको उद्धार गरिएको तथा अन्य चारजनाको खोजी जारी रहेको गामागोरीका एक अधिकारीले बताए ।

मौसम पूर्वानुमानसम्बन्धी निकायले बुधवार अमामीसहित कागोसिमा प्रान्तमा भारी वर्षाको चेतावनी जारी गर्न सक्ने एजेन्सीका एक अधिकारीले पत्रकार सम्मेलनमा बताए । चक्रवातका कारण जापानमा एयरलाइन्सहरूले दर्जनौं उडान रद्द गरेका छन् भने यस हप्ता बुलेट ट्रेन सञ्चालन स्थगित हुन सक्ने बताइएको छ ।

अधिकारीहरूले सानसान चक्रपात यस हप्ता मुख्य दक्षिणी टापू क्युशुतिर जाने अनुमान गरिएको थियो ।

यस क्षेत्रमा टाइफुन तटरेखाको नजीक बनिरहेकोले जलवायु परिवर्तनका कारण भूमिमा लामो समयसम्म टिक्ने गरेको गत महीना जारी गरिएको एक अध्ययनले जनाएको छ ।

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**गाईखुरे झरना :** लमजुङको बेंसीशहर नगरपालिका वडा नं १ मा अवस्थित गाईखुरे झरना । करीब १५० मिटर उचाइको उक्त झरना पछिल्लो समय आन्तरिक पर्यटकको रोजाइमा पर्ने गरेको छ । झरना जाने बाटो र झरनाको आधार क्षेत्र व्यवस्थित नहुँदा झरनामा मनोरञ्जन लिन आउने पर्यटकलाई सास्ती हुने गरेको छ । तस्बिरः विराट न्यौपाने/रासस

# नन्दबाबा खानेपानी आयोजना निर्माण सम्पन्न

प्रस, सिराहा, १२ भदौ/

सिराहाको कर्जन्हास्थित नन्दबाबा खानेपानी आयोजनाको निर्माण सम्पन्न भएको छ । कर्जन्हा नगरपालिका–१ स्थित बाल्टियामा रु एक करोड ६४ लाख ६८ हजारको लागतमा उक्त खानेपानी आयोजना निर्माण भएको हो ।

सम्पन्न खानेपानी योजनाबाट वडा नं १ का ६१९ परिवारलाई शुद्ध खानेपानी प्राप्त हुने नन्दबाबा खानेपानी आयोजनाले जनाएको छ ।

कर्जन्हा नगरपालिकासँगको सहकार्यमा सबल नेपालद्वारा सञ्चालित 'सामाजिक परिवर्तनका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता सुशासन सबलीकरण परियोजना'ले आयोजना निर्माण गरेको हो । निर्माण सम्पन्न आयोजना स्थानीय उपभोक्ता समितिलाई हस्तान्तरण गरिएको छ ।

विसं २०७६ फागुन २० गतेदेखि निर्माण शुरू भएको उक्त खानेपानी आयोजनामा सबल नेपालको रु ७० लाख पाँच हजार ९५५ र नगरपालिकाको ९० लाख ७४ हजार ३७३ साथै लक्षित समुदायले तीन लाख ८८ हजार ४८५ खर्च बेहोरेका छन् ।

खानेपानी वितरण गर्न कुल एक लाख ५० हजार लिटर पानी भण्डारण क्षमता रहेको ओभरहेड टङ्की जडान गरिएको सबल नेपालका पालिका संयोजक रोजी श्रेष्ठले जानकारी दिइन् ।

उक्त टङ्कीमा पानी शुद्धीकरणका लागि स्वचालित उपकरणसमेत जडान गरिएको छ । खानेपानीका इनार र कुवाहरू सुक्दै जान थालेपछि उक्त आयोजना निर्माण गर्नुपरेको वडा नं १ का अध्यक्ष फणिन्द्र पोखरेलले बताए ।

खानेपानीको दिगोपनका लागि प्रत्येक परिवारबाट न्यूनतम १० युनिट प्रयोग गरेबापत रु ८० महसूल सङ्कलन गर्ने र थप प्रतियुनिट रु छ महसूल निर्धारण गरिएको नन्दबाबा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष विनोद श्रेष्ठले जानकारी दिए ।

# जनताले शुद्ध खानेपानी पाउनुपर्छ–मन्त्री यादव

प्रस, वीरगंज, १२ भदौं/

खानेपानीमन्त्री प्रदीप यादवले नेपाली जनतालाई शुद्ध र स्वच्छ खानेपानी वितरण गर्ने आफ्नो प्रमुख उद्देश्य भएको र यो लक्ष्यलाई हासिल गर्न मन्त्रालयका कर्मचारीहरूले निरन्तर मेहनत गर्नुपर्ने बताएका छन् ।

खानेपानी मन्त्रालयमा बुधवार आयोजित विकास समस्या समाधान समितिको बैठक र आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रगति समीक्षा कार्यक्रममा बोल्दै मन्त्री यादवले जनतालाई स्वच्छ खानेपानी उपलब्ध गराउनुपर्ने कामलाई पहिलो प्राथमिकतामा राखेर काम गर्न कर्मचारीहरूलाई निर्देशन दिए । उनले भने– शुद्ध खानेपानी जनताको अधिकार हो, र यसलाई सुनिश्चित गर्न हामीबाट कुनै कसर बाँकी नराखौं ।

उनले चुरे दोहन र जलवायु परिवर्तनका कारण पानीका स्रोतहरू सुक्दै गएको र यसले गर्दा देशभर खानेपानीको आपूर्ति व्यवस्थामा चुनौती उत्पन्न भएको बताए । मधेसमा चुरे दोहनका कारण पानीका स्रोतहरू सुक्दै गएका छन्, जसले गर्दा चापाकलहरूमा पानी आउन छाडेको छ । यो समस्या समाधानका लागि देशभरि नै जलस्रोतको अध्ययन गरी आवश्यक कदम चाल्न उनले कर्मचारीहरूलाई निर्देशन दिए ।

बजेट अभावले जनतालाई आवश्यक पर्ने खानेपानी आयोजनाहरूको निर्माणमा अवरोध सिर्जना भइरहेको बताउँदै मन्त्री यादवले अर्थ मन्त्रालयको असहयोगप्रति असन्तुष्टि पनि व्यक्त गरे ।

**सम्झौता ...**

इन्जिनीयरिङ प्रालिलाई २५ करोड ८८ लाख दुई हजार रुपैयाँमा दुई वर्षको अवधि राखेर ठेक्का सम्झौता गरेको थियो । सम्झौता अनुसार उक्त निर्माण कम्पनीले २०८१ असार ३० गतेसम्म यो सडक निर्माण पूरा गरिसक्नुपर्नेमा हालसम्म १३.३३ प्रतिशत मात्रै काम भएको सडक डिभिजन कार्यालयले जनाएको छ ।

हरेक वर्ष दशैं तथा दुर्गापूजाताका नेपाल र भारत दुवैतर्फबाट छिन्नमस्ता जोड्ने सडकमा भक्तजनको चाप बढ्ने गर्छ । सडक नबन्दा श्रद्धालु भक्तजनहरूको आवागमनमा नकारात्मक प्रभाव पर्ने भन्दै स्थानीय बासिन्दा चिन्तित छन् ।

यस सम्बन्धमा छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरीले निर्माण कम्पनीको लापरवाहीका कारण सडक नबनेको बताए । उनले आफूसहित गाउँपालिकाका जनप्रतिनिधिहरूले सडक डिभिजन कार्यालय र ठेकेदार कम्पनीदेखि विभागीय प्रमुख हुँदै अघिल्लो सरकारका प्रधानमन्त्रीसमेतलाई भेटेर सडक बनाउन ध्यानाकर्षण गराए पनि कतै सुनवाइ नभएको गुनासो गरे ।

अब सडकका लागि छिन्नमस्ताका जनप्रतिनिधिहरू सिंहदरबार पुगेर आन्दोलन गर्ने योजना रहेको अध्यक्ष चौधरीले बताएका छन् ।



**सूर्यमुखी फूल :** चीनको ग्रामीण पुनरुत्थान परियोजना टोङ्फु गाउँ (काउन्टी)का कृषकले खेतमा लगाएको सूर्यमुखी फूल । तस्बिरः रत्न श्रेष्ठ/रासस



रौतहटको बम नहर सडकखण्डको पोखरिया डमारबाट आठवटा खसी खरीद गरी मोटरसाइकलमा लैजाँदै व्यापारी।
तस्वीरः दिनेश मिश्र

# महिलाले मिडिया चलाउनु सराहनीय कार्य –नगरप्रमुख सिंह

प्रस, वीरगंज, १२ भदौ/

वीरगंज महानगरका प्रमुख राजेशमान सिंहले वीरगंजमा महिला पत्रकारहरू सङ्गठित भएर मिडिया हाउस सञ्चालन गर्नु सराहनीय काम भएको बताएका छन्।





वीरगंजबाट प्रकाशित मध्य नेपाल साप्ताहिकको वार्षिकोत्सवमा आयोजित कार्यक्रमका प्रमुख अतिथि नगरप्रमुख सिंहले महिला पत्रकारहरूले आफूले गरेको शिक्षा, स्वास्थ्यलगायत अन्य क्षेत्रका गतिविधिलाई सञ्चारमाध्यममा ल्याउन आग्रह गरे। उनले विभिन्न सञ्चारमाध्यमहरूमा आफूविरुद्ध नकारात्मक समाचार आइरहेको बताउँदै आफूले गलत गरेको भए कारबाही भोग्न तयार रहेको बताए।

उनले शिक्षकहरूले अध्यापन गराउन छाडेर विद्यालयमा जडान गरिएको पङ्खा खोलेर विज्ञता प्रदर्शन गरेकोमा आफूलाई हासो लागेको बताए। उनले हालका दिनमा आफूविरुद्ध थुप्रै पत्रकार लागिपरेका बताउँदै वीरगंजको विकास गर्न पछि नपर्ने बताए।

कार्यक्रममा नगरप्रमुख सिंहले मध्य नेपाल साप्ताहिकले यस वर्ष घोषणा गरेको ११ हजार १११ राशिको मध्य नेपाल उत्कृष्ट पत्रकार महिला पुरस्कार रेडियो प्रस्तोता नीलिमा पौडेललाई प्रदान गरेका थिए।

मध्य नेपाल पत्रिकाकी सम्पादक कविता खड्काको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारी, सखुवाप्रसौनी गापाका अध्यक्ष यशवन्त यादव, पटेर्वासुगौली गापाकी उपाध्यक्ष ममता महतो, विन्ध्यवासिनी गापाकी उपाध्यक्ष ज्योति चौरसिया, नेपाल रेडक्रस सोसाइटी पर्साकी उपसभापति मधु राणा, डा सुषमा तिवारी, काङ्ग्रेस नेता अजय द्विवेदीलगायतको सहभागिता थियो।







## नेपाली सेनाको प्रधानसेनापतिमा सिग्देल

काठमाडौं, १२ भदौ/रासस

राष्ट्रपति रामचन्द्र पौडेलले नेपाली सेनाको प्रधानसेनापतिमा बलाधिकृत रथी अशोकराज सिग्देललाई यही भदौ २४ गतेदेखि लागू हुनेगरी नियुक्त गरेका छन्।

नेपालको संविधानबमोजिम राष्ट्रपतिले नेपाल सरकार मन्त्रिपरिषद्को सिफारिशमा हाल नेपाली सेनाको कायममुकायम प्रधानसेनापतिको कार्यभार सम्हाल्दै आएका सिग्देललाई प्रधानसेनापति नियुक्त गरेको राष्ट्रपतिको कार्यालयले जनाएको छ। राष्ट्रपति पौडेल नेपाली सेनाका परमाधिपति हुन्।

# खेलकूदको संसार

## साफ यू-२० च्याम्पियनपशिप फूटबलको उपाधि बङ्गलादेशलाई

काठमाडौं, १२ भदौ/रासस

बङ्गलादेशले नेपाललाई हराउँदै साफ (दक्षिण एशियाली फूटबल महासङ्घ) यू-२० च्याम्पियनशिप फूटबल प्रतियोगिताको उपाधि जितेको छ। बङ्गलादेशले सो उपाधि पहिलोपटक जितेको हो।

ललितपुरको सातदोबाटोस्थित अखिल नेपाल फूटबल सङ्घ (एन्फा)को मुख्यालयको खेलमैदानमा बुधवार भएको





फाइनल खेलमा बङ्गलादेशले नेपालमाथि ४-१ गोलको जीत निकाल्दै उपाधिमाथि कब्जा जमाएको हो। यसअघि दुईपटक फाइनलमा पुगेको बङ्गलादेश दुवैपटक पराजित हुँदै उपविजेता बनेको थियो। सन् २०१९ र सन् २०२२ मा भएको साफ च्याम्पियनशिपमा बङ्गलादेश फाइनलमा पुगेको थियो। त्यति बेला दुवैपटक भारतसँग पराजित हुँदै बङ्गलादेश उपविजेतामा सीमित बनेको थियो।

बङ्गलादेशको जीतमा आजको खेलमा मिराजुल इस्लामले दुई गोल गरे भने रब्बी होसेन राहुल र मोहम्मद पिस अहमद नोभाले समान एक/एक गोल गरे। खेलको पहिलो हाफको अतिरिक्त समयमा मिराजुलले गोल गर्दै टोलीलाई पहिलो अग्रता दिलाए। त्यसपछि खेलको ५५औं मिनेटमा अस्दुल मोल्लाले दिएको पासलाई सदुपयोग गर्दै मिराजुलले हेडमार्फत व्यक्तिगत दोस्रो गोल गरे। खेलको ७१औं मिनेटमा बङ्गलादेशका अर्का खेलाडी रब्बीले गोल गर्दै टोलीलाई तेस्रो अग्रता दिलाए।

त्यस्तै, खेलको ८१औं मिनेटमा नेपालका समीर तामाङले गोल गरे। बङ्गलादेशका गोलकीपर अगाडि गएको अवस्थामा सान्त्वना गोल गरे।

यसैगरी, बङ्गलादेशका अर्का खेलाडी नोभाले खेलको दोस्रो हाफको अतिरिक्त समयमा एक गोल थपे। त्यसपछि खेलमा गोल हुन सकेन र अन्ततः बङ्गलादेशले नेपालमाथि ४-१ को ऐतिहासिक जीत हासिल गऱ्यो। हारसँगै साफ च्याम्पियनशिपको उपाधिमाथि 'ह्याट्रिक' गर्ने नेपालको सपना अधूरै रहन पुगेको छ।

नेपालबाटै सन् २०१५ मा साफ यू-१९ च्याम्पियनशिपका नामबाट सुरुआत भएको उक्त च्याम्पियनशिपको उपाधि सुरुआतमा नेपालले जितेको थियो। उक्त च्याम्पियनशिपको फाइनल खेलमा नेपालले भारतलाई 'टाइब्रेकर'मा पराजित गर्दै उपाधिमाथि कब्जा जमाएको थियो। उक्त च्याम्पियनशिप यस अघि कहिले साफ यू-१८ र कहिले साफ यू-२० को नामबाट सञ्चालन हुँदै आएको छ।

त्यसैगरी, सन् २०१७ मा भुटानमा आयोजना भएको साफ यू-१८ च्याम्पियनशिपमा पनि नेपालले उपाधि जितेको थियो। त्यति बेला राउन्ड रोबिन लिगका आधारमा खेलाइएको उक्त प्रतियोगितामा नेपालले शीर्ष स्थानमा रहँदै प्रतियोगिताको उपाधि जितेको थियो।

छैटौं संस्करणको उक्त प्रतियोगिताको लिग चरणका खेलमा भने नेपालले बङ्गलादेशलाई २-१ गोलअन्तरले पराजित गरेको थियो। त्यसैगरी, सेमिफाइनलमा नेपालले भुटानलाई तथा बङ्गलादेशले भारतलाई पराजित गर्दै साफ यू-२० च्याम्पियनशिपको फाइनलमा स्थान बनाएका थिए।

यही भदौ २ गतेदेखि सञ्चालन भएको उक्त प्रतियोगितामा नेपालसँगै बङ्गलादेश, श्रीलङ्का, भारत, माल्दिभ्स र भुटानले सहभागिता जनाएका थिए। उक्त प्रतियोगिता त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा हुने तालिका थियो तर वर्षाका कारण खेलमैदान हिलाम्य हुँदा एन्फाले प्रतियोगिताको सम्पूर्ण खेल सातदोबाटोमा खेलाएको हो। विजेतालाई युवा तथा खेलकूदमन्त्री तेजुलाल चौधरी, राष्ट्रिय खेलकूद परिषद् (राखेप)का सदस्यसचिव टङ्कलाल घिसिङ, अखिल नेपाल फूटबल सङ्घ (एन्फा)का अध्यक्ष पङ्कजविक्रम नेम्बाङलगायतले पुरस्कार वितरण गरेका थिए।

# सम्झौता अवधि सकिंदासम्म १३ प्रतिशत काम

प्रस, सप्तरी, १२ भदौ/

सप्तरीको राजविराज-छिन्नमस्ता-सीमासम्मको सडक निर्माण अवधि सकिंदासम्म जम्मा १३ प्रतिशत मात्रै काम भएको छ। सडक डिभिजन कार्यालय,



लहानलसँग ठेकेदार कम्पनीले गरेको सम्झौता अनुसार म्याद सकिंदासम्म पनि १३ प्रतिशत मात्रै काम भएको हो।

राजविराजबाट १० किलोमिटर दक्षिणमा पर्ने यो सडकले भारतीय सीमाबाट सप्तरीको सदरमुकाम राजविराज हुँदै प्रसिद्ध शक्तिपीठ छिन्नमस्ता मन्दिर जोडिएको छ। बाटो नबिग्रँदा ३० रुपैयाँ भाडा लाग्नेमा अहिले बाटो खराब भएको कारण दोब्बरभन्दा बढी ७० रुपैयाँ टेम्पोले लिने गरेको छ।

वर्षायाममा सडकका ठाउँठाउँमा खाल्डो हुनुका साथै पानी जमेर पोखरी बनेका छन्। यसले सडकमैं सवारी दुर्घटना हुने खतरा छ। सडकको दुर्दशाका कारण सवारीसाधनले ठाउँठाउँमा यात्रु ओराल्दै र चढाउँदै गन्तव्यतर्फ जाने गरेका छन्। जोखिम मोलेर सवारी चलाउनुपरेको उक्त सडकमा चल्ने टेम्पो चालकहरूको गुनासो छ। सडक बिग्रिएको कारण बर्खा लागेदेखि बससेवा भने बन्द छ।

सडक डिभिजन कार्यालय लहानले २०७९ साल असार २३ गते साह

(बाँकी पाँचौं पातामा)


## डेङ्गीबाट बच्ने उपायहरु ?

- लामखुट्टेको टोकाइबाट डेङ्गी लाग्न सक्दछ,
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं,
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्यालढोकामा जाली र सुत्ने बेलामा झुल लगाएर सुतौं।
- अँध्यारा कुना-काप्चामा कीटनाशक औषधि छर्कने गरौं।
- एयर कुलर, पानी टङ्की, फूलदानी, गमलामा राखिएका प्लेटहरू नियमित सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
| --- | --- | --- | --- | --- |
| | | जानकारीमा आएन | | |